**किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२ बैशाख २८ गतेको बैठकको निर्णय ।**

१. गत महिना मिति २०८१/१२/२० गतेको बैठकबाट निर्णय भएको ६ वटा निर्णयहरुको समिक्षा गर्दा तपसिलको बमोजिम भएको पाईयो ।

२. मिति २०८१-१०-०२ गतेको सूचना अनुसार **दुध उत्पादक सहकारी संस्था तथा दुध संकलन केन्द्रका** लागि प्रस्ताव आव्हान गर्दा समय सिमा भित्र तपसिल बमोजिमको संस्थाहरुले प्रस्तावना पेश गरेकोले सबै सहकारीहरु सँग सम्झौता गरी अनुदान वितरण प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

३. कार्यालयको मिति २०८१-१२-१३ गते **प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपंछी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१** अनुसार चरन खर्क सुधार कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा समय सिमा भित्र तपसिल बमोजिमको संस्था/समूह/हरुले प्रस्तावना पेश गरेकोले सबै समुहहरुसँग सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

४. कार्यालयको मिति २०८१-१२-१३ गते **स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यन्वयन कार्यविधि, २०८१ अनुसार** पशु प्रवर्द्धन कार्यक्रम- घाँस विकास श्रोत केन्द्र (घाँस श्रोत केन्द्र किस्पाङ-५) कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा समय सिमा भित्र तपसिल बमोजिमको फार्महरुले प्रस्तावना पेश गरेकोले सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. यस कार्यालयको मिति २०८१-१२-१९ गते दुध उत्पादनको लागि पाडी प्रवर्द्धन लागत साझेदारी (पचास-पचास प्रतिशत) कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा निवेदन दर्ता समय सिमा भित्र तपसिल बमोजिमको सहकरी/समूह/फार्महरुले प्रस्तावना पेश गरेकोले पेश भएको सबै संस्थाहरुसँग सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त कार्यक्रम संचालन गर्न रकम अपुग भएमा आ.ब.२०८१/८२ को स्वीकृत बजेट तथा कार्यक्रमको ४ नं. वडा स्तरीय योजना अन्तर्गतको विविध शिर्षकबाट खर्च गर्न कार्यालयलाई अक्तियारी दिने ।

६. यस कार्यालयको मिति २०८१-१२-२० गते **दुधडेरी सुधारको लागि चिलिङ भ्याट तथा अन्य यन्त्र उपकरण ब्यवस्थापन कार्यक्रम**को लागि प्रस्ताव आव्हान गर्दा निवेदन दर्ता समय सिमा भित्र तपसिल बमोजिमको निजी संकलन केन्द्र/सहकारीहरुले प्रस्तावना पेश गरेकोले सबै सहकरीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७. यस कार्यालयको मिति २०८१-१०-०४ गतेको किस्पाङ गाउँपालिका साना सिञ्चाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ अनुसार **साना सिञ्चाई कार्यक्रम** को लागि प्रस्ताव आव्हान गर्दा निवेदन दर्ता समय सिमा भित्र तपसिल बमोजिमको कृषक समूह/सहकारी/उपभोक्ता समितिहरुले प्रस्तावना पेश गरेकोले सो समूह/सहकारी/उपभोक्ता समिति मध्ये तपसिलको २० वटा योजना छनोट गर्ने र प्रत्येक योजनालाई रु ५० हजार रकम विनयोजन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो। सम्झौता कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. यस कार्यालयको मिति २०८१-१२-१४ गतेको किस्पाङ गाउँपालिकाको आ.ब. २०८१/८२ को प्रदेश सशर्त कार्यक्रम अन्तर्गत कृषि उपजको भण्डारण(कोल्ड चेम्वर) प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान गर्दा निवेदन दर्ता समय सिमा भित्र तपसिल बमोजिमको सहकारीले प्रस्तावना पेश गरेकोले सो सहकारीसँग **स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यान्वयन कार्यविधि,२०८१** अनुसार सम्झौता गरी कार्यक्रम संचालन प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. किस्पाङ गाउँपालिका वडा नं ३ बस्ने सन्त वहादुर तामाङले **एस बि कन्स्ट्रक्सन** लाई "घ" बर्गको निर्माण ब्यवसाय ईजाजत पत्र उपलब्ध गराई पाउँ भनी दिनु भएको निबेदन तथा जाँचबुझ समितिको प्रतिवेदन अनुसार छलफल गर्दा यस गा.पा.को **"घ" बर्गको निर्माण ब्यवसाय ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५** अनुसार प्रक्रिया पुरा गरी ईजाजत पत्र उपलब्ध गराई दिनु हुन कार्यालयलाई निर्देशन दिने ।

१०. विद्यायन समितिबाट पेश भएको **अध्यक्षसँग जनता स्वास्थ्य कार्यक्रम संचालन कार्यविधि मस्यौदा २०८०** मा छलफल गर्दा थप अध्ययन गर्नु पर्ने देखिएकोले आगामि बैठकमा पेश गरी स्वीकृत गर्ने ।

११. कार्यालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०८०/८१ च.न.४४१ मिति २०८१/१/२१ गतेको पत्र साथ संलग्न राखी पठाईएको पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० बमोजिम निर्देशक समिति गठन गरी पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय ।

१२. प्रदेश सरकार शसर्त अनुदान क्रियाकलाप नं. ११.१.२.६७ मा किस्पाङ बृद्धाश्रम भवननिर्माण किस्पाङ ३ नुवाकोट शिर्षकमा रु ३०,००,०००।०० (अक्षरुपी रु तिस लाख) विनियोजन भएकोमा स्थान छनोट र जग्गा व्यवस्थापन कारणले उक्त योजना/कार्यक्रम ठेक्का प्रकृयामा जान आर्थिक वर्षको समय सीमाका कारण उक्त योजनाको ठेक्का प्रकृया पुरा गरी निर्माण कार्य गर्न नसकिने अवस्थामा उक्त योजना अत्यावश्यक भएकोले निर्माण कार्य गर्न उपभोक्ता समिति गठन गरी निर्माण कार्य शुरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिने .

१३. पुर्ण खोप सूनिश्चचता निर्देशिका २०७१(तेस्रो संसोद्धन २०७९) बमोजिम पुर्ण खोपवडा घोषणाको लागि आवश्यक प्रकृया पुरा भइ आयकोले यस गाउँपालिका अन्तरगतका सबै १५ वर्ष मुनीका बालवालिकाहरुले १५ वर्ष सम्म पाउनुपर्ने सवै खोपको मात्रा पाएका र कोही छुट नभएकाले पुर्ण खोप वडा प्रमाणित गरी जिल्ला पुर्णखोप समन्वय समितिलाई पुर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न सिफारिस गर्ने ।

१४. शिक्षा युवा तथा खेलकुद शाखामा शाखा प्रमुखको रुपमा कार्यरत शिक्षा प्रशासन पाचौं तह प्राविधिक सहायक श्री सरोज अधिकारीलाई शिक्षा शाखाबाट सम्पादनहुने सम्पूर्ण कार्य जिम्मेवारीको अख्तियारी दिने साथै शिक्षकको विदा प्रमाणिकरण तथा कार्यसम्पादन मूल्याङकनमा सुपरीवेक्षक र पुनरावलोकन समितिको सदस्यको रुपमा कार्य गर्ने जिम्मेवारी दिई सो को जानकारी शिक्षा विकास तथा समन्वय इकाई, नुवाकोट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमिमा पठाउने ।

१५. यस आ.व.मा किस्पाङ गाउँपालिका अन्तरगत विभिन्न योजना सञ्चालनको लागि ठेक्का सम्झौता भएकोमा तोकिउको समय सिमा भित्र निर्माण सम्पन्न हुन नसक्ने मनासिव कारण देखिएकोले तपसिल अनुसारको ठेक्काको म्याद थप गर्ने ।

तपसिल

| क्र.स | आयोजनाको नाम | ठेक्का नं | म्याद सकिने मिति | थप गरिएको समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिस्योङ कचर्त माने हुँदै भाल्चे डाँडाथोक सडक स्तरोन्नती | KRM/NCB/WORKS/ROAD/05/2081/82 | २०८२-०१-३१ | २०८२-०३-२० | |
| २ | ताप्काचेत दुप्चेचौर रैलाखोला कोल्चेत हुँदै बैराम्राङ सडक स्तरोन्नती | KRM/NCB/WORKS/ROAD/07/2081/82 | २०८२-०१-३१ | २०८२-०३-२० | |
| ३ | कामीडाँडा डण्डापानी हुँदै देउराली सडक स्तरोन्नती | KRM/NCB/WORKS/ROAD/08/2081/82 | २०८२-०१-३१ | २०८२-०३-२० | |
| ४ | किर्नेवगर वेल्सिङ मेरेचेत दोङगले डाँडा ब्रुदुङ्गो सडक स्तरोन्नती | KRM/NCB/WORKS/ROAD/06/2081/82 | २०८२-०१-३१ | २०८२-०३-२० | |
| ५ | चिप्लेटी माझथोक हुँदै घट्टे खोला सडक स्तरोन्नती | KRM/NCB/WORKS/ROAD/03/2081/82 | २०८२-०१-३१ | २०८२-०२-२० | |